सप्तकोशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

तुलसी चौक, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८१/०८२
चलानी नं. ८०८५

मिति : २०८२।३।१०

विषय : पन्ध्रौं नगर सभा अधिवेशनको पहिलो वैठक सम्पन्न सम्वन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
स्थानीय तह समन्वय शाखा
सिंहदरवार, काठमाण्डौं ।

आज मिति २०८२।३।१० गते, मंगलवार, विहान ११:०० वजे सप्तकोशी नगर कार्यपालिकाको कार्यालयको सभाहल, तुलसीचोक, सप्तरीमा सप्तकोशी नगरपालिकाको पन्ध्रौं नगर सभा अधिवेशनको पहिलो वैठक संचालन भई सप्तकोशी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम पारित भएको व्यहोरा सादर अनुरोध छ ।

.....
(पुरुषोत्तम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

पन्ध्रौ नगर सभा अधिवेशन बैठक : १।२०८२
बैठक मिति: २०८२।३।१०, मंगलवार, समय:विहान ११:०० बजे
स्थानः सप्तकोशी नगर कार्यपालिका कार्यालयको सभाहल, तुलसीचोक,सप्तरी ।

आज मिति २०८२।३।१० गते, मंगलवार विहान ११:०० बजे सप्तकोशी नगर कार्यपालिका कार्यालयको सभाहल, तुलसीचोक, सप्तरीमा सप्तकोशी नगरपालिकाका नगर प्रमुख एवं नगर सभाका अध्यक्ष श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहायका नगर सभा सदस्यज्यूहरुको उपस्थितिमा पन्ध्रौ नगर सभा अधिवेशन बैठक बसी निम्न बमोजिम निर्णयहरु पारित गरियो ।

पन्ध्रौ नगर सभा अधिवेशन बैठकको उपस्थिति

प्रमुख अतिथि-माननीय मन्त्री श्री राज कुमार लेखी
गृह, संचार तथा कानून मन्त्रालय, मधेश प्रदेश

सि.नं.	नामथर	पद	वडा नं.	हस्ताक्षर
१	श्री कृष्ण प्रसाद ढकाल	सभा अध्यक्ष/नगर प्रमुख		
२	श्री रिता कुमारी चौधरी	उपाध्यक्ष/नगर उपप्रमुख		
३	श्री रोहिणी प्रसाद पोखरेल	सभा सदस्य	१	
४	श्री जनक बहादुर राउत	सभा सदस्य	१	
५	श्री दिपक राई	सभा सदस्य	१	
६	श्री सिता कुमारी चौधरी	सभा सदस्य	१	
७	श्री भीम कुमारी नेपाल	सभा सदस्य	१	
८	श्री जाहिर हुसेन	सभा सदस्य	२	
९	श्री राजेन्द्र वि.क.	सभा सदस्य	२	
१०	श्री नवराज अधिकारी	सभा सदस्य	२	
११	श्री रविन्द्रनाथ चौधरी	सभा सदस्य	२	
१२	श्री पानो कुमारी राजधामी	सभा सदस्य	२	
१३	श्री रामसती देवी राम	सभा सदस्य	२	
१४	श्री देवकान्त गोजेवार	सभा सदस्य	३	
१५	श्री मनो कुमारी चौधरी	सभा सदस्य	३	
१६	श्री रमेश थापा	सभा सदस्य	३	
१७	श्री चित्र कुमारी श्रेष्ठ	सभा सदस्य	३	
१८	श्री सकुन्ती सदा	सभा सदस्य	३	

पन्ध्रौ नगर सभा अधिवेशन बैठक : १।२०८२
बैठक मिति: २०८२।३।१०, मंगलवार, समय: विहान ११:०० बजे
स्थानः सप्तकोशी नगर कार्यपालिका कार्यालयको सभाहल, तुलसीचोक,सप्तरी ।

सि.नं.	नामथर	पद	वडा नं.	हस्ताक्षर
१९	श्री जय राम खंग	सभा सदस्य	४	
२०	श्री तिर्थराज चौधरी	सभा सदस्य	४	
२१	श्री शिव नारायण बडही	सभा सदस्य	४	
२२	श्री सुजता कटुवाल	सभा सदस्य	४	
२३	श्री सुक कुमारी सरदार	सभा सदस्य	४	
२४	श्री गोसाई चौधरी	सभा सदस्य	५	
२५	श्री प्रभा कुमारी चौधरी	सभा सदस्य	५	
२६	श्री चन्द्रदेव चौधरी	सभा सदस्य	५	
२७	श्री सिता कुमारी सरदार	सभा सदस्य	५	सिता
२८	श्री कुन्ती देवी सदा	सभा सदस्य	५	कुन्ती
२९	श्री नन्दी लाल चौधरी	सभा सदस्य	६	
३०	श्री संझा कुमारी चौधरी	सभा सदस्य	६	संझा
३१	श्री विन्दु लाल साहु तेली	सभा सदस्य	६	
३२	श्री रुन्दी लाल बहरदार	सभा सदस्य	६	
३३	श्री कमली देवी पासमान	सभा सदस्य	६	
३४	श्री जितन चौधरी	सभा सदस्य	७	
३५	श्री बिमला चौधरी	सभा सदस्य	७	बिमला
३६	श्री श्रीदेव प्रसाद यादव	सभा सदस्य	७	
३७	श्री मनिता देवी चौधरी	सभा सदस्य	७	मनिता
३८	श्री सीता देवी विश्वकर्मा	सभा सदस्य	७	सिता
३९	श्री केदार प्रसाद साह	सभा सदस्य	८	
४०	श्री रमेश प्रसाद साह	सभा सदस्य	८	
४१	श्री छविल मलाह	सभा सदस्य	८	
४२	श्री भुपेन सदा	सभा सदस्य	८	
४३	श्री शोभा कुमारी चौधरी	सभा सदस्य	८	

CamScanner

पन्ध्रौ नगर सभा अधिवेशन बैठक : १।२०८२
बैठक मिति: २०८२।३।१०, मंगलवार, समय: विहान ११:०० बजे
स्थानः सप्तकोशी नगर कार्यपालिका कार्यालयको सभाहल, तुलसीचोक,सप्तरी ।

सि.नं.	नामथर	पद	वडा नं.	हस्ताक्षर
४४	श्री कोशिला देवी खंग	सभा सदस्य	८	
४५	श्री राजेन्द्र कुमार यादव	सभा सदस्य	९	
४६	श्री ललिता देवी खङ्ग	सभा सदस्य	९	
४७	श्री भरत खंग	सभा सदस्य	९	
४८	श्री किसुन देव यादव	सभा सदस्य	९	
४९	श्री विनिता कुमारी यादव	सभा सदस्य	९	
५०	श्री भुलुर देवी खंग	सभा सदस्य	९	
५१	श्री हरी लाल साह	सभा सदस्य	१०	
५२	श्री शान्ति देवी यादव	सभा सदस्य	१०	
५३	श्री विजय कुमार राउत	सभा सदस्य	१०	
५४	श्री धन बहादुर खडका	सभा सदस्य	१०	
५५	श्री डोलेश्वर खङ्गा	सभा सदस्य	११	
५६	श्री संजु देवी चौधरी	सभा सदस्य	११	
५७	श्री भोलानाथ लेखी	सभा सदस्य	११	
५८	श्री हरेराम सिंह	सभा सदस्य	११	
५९	श्री करयाही देवी सदा	सभा सदस्य	११	
६०	श्री पुरुषोत्तम ढकाल	प्रमुख प्रशासकीय अधिकृत/ सभा सचिव		

नगर सभा सचिवालयका कर्मचारीहरुको उपस्थिति

क्र.स.	नामथर	पद	हस्ताक्षर
१	श्री दिपेन्द्र साह	अधिकृत आठौं	
२	श्री प्रकाश सुवेदी	अधिकृत सातौं	
३	श्री कविता वस्नेत	लेखा अधिकृत छैठौं	
४	श्री लोकेश चन्द्र पैकरा	ईन्जिनियर, अधिकृत सातौं	
५.	किशोर कुमार यादव	इन्जिनियर	

३/१५

पन्ध्रौ नगर सभा अधिवेशन बैठक : १।२०८२
बैठक मिति: २०८२।३।१०, मंगलवार, समय:विहान ११:०० वजे
स्थानः ससकोशी नगर कार्यपालिका कार्यालयको सभाहल,तुलसीचोक,ससरी ।

५	श्री किशोर कुमार यादव	ईन्जिनियर, अधिकृत छैठौं	
६	श्री राम वहादुर कटुवाल	आ.ले.प अधिकृत छैठौं	
७	श्री रण वहादुर मगर	अधिकृत छैठौं	

<u>प्रस्तावहरु</u>

१. प्रस्ताव नं. १ : आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रम सम्वन्धमा ।
२. प्रस्ताव नं. २ : ससकोशी नगरपालिकाको आर्थिक विधेयक,२०८२ सम्वन्धमा ।
३. प्रस्ताव नं. ३ : ससकोशी नगरपालिकाको विनियोजन विधेयक, २०८२ सम्वन्धमा ।
४. प्रस्ताव नं. ४ : आ.व.२०८२।०८३ को अनुमानित आय-व्यय सम्वन्धमा ।
५. प्रस्ताव नं. ५: आ.व.२०८२।०८३ को प्रशासनिक खर्च विनियोजन सम्वन्धमा ।
६. प्रस्ताव नं. ६ : आ.व.२०८२।०८३ को योजना तथा कार्यक्रममा बजेट विनियोजन सम्वन्धमा।
७. प्रस्ताव नं. ७ : संचालित योजनाहरुको सिर्जित दायित्व भुक्तानीको लागि बजेट व्यवस्था र म्याद थप सम्बन्धमा।
८. प्रस्ताव नं. ८ : समपुरक र लागत साझेदारी तर्फका कार्यक्रम/योजनामा अपुग बजेटको दायित्व नगरपालिकाले व्यहोर्ने सम्बन्धमा ।
९. प्रस्ताव नं. ९ : आ.व.२०८१।०८२ मा संचालित योजनाहरुको दायित्व व्यहोर्ने सम्बन्धमा।
१०. प्रस्ताव नं. १०: उपभोक्ता समितिको लागत सहभागिता सम्बन्धमा।
११. प्रस्ताव नं. ११: सेवा करारमा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा।
१२. प्रस्ताव नं. १२: दैनिक ज्यालादारीमा कर्मचारीलाई कामकाज लगाउने सम्बन्धमा।
१३. प्रस्ताव नं. १३: करार कर्मचारीहरुको तलव सुविधा वृद्धि सम्बन्धमा ।
१४. प्रस्ताव नं. १४: कार्यक्रम/योजनाको दोहोरोपना हटाई संचालन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा।
१५. प्रस्ताव नं. १५: आन्तरिक आयको ठेक्का वन्दोवस्ती सम्बन्धमा।
१६. प्रस्ताव नं. १६: स्टक घाटगद्दी शुल्क निर्धारण सम्बन्धमा ।

CamScanner

पन्ध्रौ नगर सभा अधिवेशन बैठक : १।२०८२
बैठक मिति: २०८२।३।१०, मंगलवार, समय: विहान ११:०० वजे
स्थानः सप्तकोशी नगर कार्यपालिका कार्यालयको सभाहल, तुलसीचोक,सप्तरी ।

१७. प्रस्ताव नं. १७: जेवार, माँइन्जन विधेयक, २०८२ सम्बन्धमा ।

१८. प्रस्ताव नं. १८: निर्णय, सेवा, कार्य र खर्च अनुमोदन सम्बन्धमा।

१९. प्रस्ताव नं. १९: दररेट अनुमोदन सम्बन्धमा।

२०. प्रस्ताव नं. २०: विभिन्न समितिको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयन सम्बन्धमा।

२१. प्रस्ताव नं. २१: संशोधित योजनाको अनुमोदन सम्बन्धमा ।

२२. प्रस्ताव नं. २२: योजना वैंक सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १

सप्तकोशी नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को लागि देहाय बमोजिमको वार्षिक नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो।

सप्तकोशी नगरपालिकाको आ.व. २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम

नगर सभाका अध्यक्षज्यू,
प्रमुख अतिथि, माननीय गृह, सञ्चार तथा कानुन मन्त्रीज्यू,
अतिथिज्यूहरू,
नगर सभाका सदस्यज्यूहरू,
सभाका सचिवज्यू,
उपस्थित सञ्चारकर्मी, कर्मचारी एवम् सम्पूर्ण महानुभावहरू

सप्तकोशी नगरपालिकाको यस गरिमामय पन्ध्रौं नगर सभामा नगर प्रमुखको हैसियतले यहाँहरू सामु सप्तकोशी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा गौरवको अनुभूति गरेको छु। यस सम्मानित नगर सभामा उपस्थित सभा सदस्यज्यूहरू एवं सम्पूर्ण महानुभावहरूमा न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु।

सर्वप्रथम नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र नेपालको संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन व्यवस्थाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरूप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रदाञ्जली व्यक्त गर्दछु। विभिन्न राजनीतिक आन्दोलनमा घाइते तथा बेपत्ता हुनुभएका आन्दोलनका योद्धा नागरिकहरू प्रति उच्च सम्मान प्रकट गर्दछु।

पन्ध्रौ नगर सभा अधिवेशन बैठक : १।२०८२
बैठक मिति: २०८२।३।१०, मंगलवार, समय: विहान ११:०० बजे
स्थानः सप्तकोशी नगर कार्यपालिका कार्यालयको सभाहल, तुलसीचोक,सप्तरी ।

लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसाथ गर्दै जन भावनाका विधि सम्मत तरिकाले स्थानीय सरकार सञ्चालन गर्ने प्रतिबद्धताका साथ हामी २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हाली रहेका छौं। यस सन्दर्भमा सेवा प्रवाह गर्ने अवसर दिनुहुने सम्पूर्ण सप्तकोशी नगरवासीहरूलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु।

सप्तकोशी नगरपालिकाले लिएको लक्ष्य "समृद्ध नगर : खुशी नगरवासी" पूरा गर्नका लागि उपलब्ध श्रोत-साधनको उच्चतम प्रयोग, न्यायोचित वितरण गरी नगरवासीहरूको विकास र समृद्धिको आकांक्षालाई पूरा गर्न तर्फ हामी जनप्रतिनिधिहरू प्रयत्नरत छौं।

नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल सरकार तथा मधेश प्रदेश सरकारले जारी गरेको प्रचलित कानुनको परिधिभित्र रही दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी यस सप्तकोशी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

म यस सम्मानित नगरसभामा सप्तकोशी नगरपालिकाले अघि सारेका विकास निर्माण, सुशासन, सेवा प्रवाह र मानवीय विकासको क्षेत्रमा गरेका उत्कृष्ट कार्य बापत र पछिल्लो आ.व. हरूमा न्यून वेरुजू कायम गर्न सफल भएको हुँदा सम्पूर्ण जनप्रतिनिधि एवम् राष्ट्र सेवक कर्मचारी र सम्पूर्ण नगरवासीलाई धन्यवाद दिन चाहान्छु। आगामी दिनमा नगरको समृद्धि र नगरबासीको खुसीको लागि यहाँहरूसँगको सहकार्यमा रचनात्मक काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

नगर सभा सदस्यज्यूहरू एवं उपस्थित महानुभावहरू,

नेपालको संविधान र सङ्घीय शासन प्रणालीको तहगत सरकारका रूपमा स्थानीय सरकार नागरिकहरूलाई प्रत्यक्ष सेवा प्रदान गर्ने नजिकको सरकारको रूपमा रहेका हामी जनप्रतिनिधिहरूले निर्वाचनको क्रममा प्रतिबद्धता जनाइएका विषयवस्तुहरूमा केन्द्रित भई नागरिकहरू प्रतिको जिम्मेवारी र जवाफदेहिता महसुस गर्दै अब म यस गरिमामय नगरसभामा सप्तकोशी नगरपालिकाको आगामी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

क. सामाजिक विकास सम्बन्धी नीति

अ. शिक्षा सम्बन्धी नीति

१. सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितताका लागि पहुँच र सहभागिता, संस्थागत क्षमता र शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू समय कार्यतालिकाबमोजिम कार्यान्वयन गरिनेछ।

२. शैक्षिक सत्रको शुरु वैशाख महिनामा विद्यालयमा विद्यार्थी भर्ना अभियान सञ्चालन गरिने र आधारभूत शिक्षा प्राप्त गर्ने उमेर समूहका विद्यालय जाने सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याई भर्ना गरी निरन्तर टिकाउने र बालमैत्री सिकाईका लागि अनुकूल वातावरण निर्माण गरिनेछ।

३. सामुदायिक विद्यालयको आधारभूत तहको कक्षा १-५ सम्म त्रैभाषिक नीति अनुरूप मातृभाषा, नेपाली भाषा र अङ्ग्रेजी माध्यममा पठनपाठन सिकाइ सहजीकरण गरिनेछ। आधारभूत तहका कक्षा १-५का विद्यार्थीलाई पाठ्यक्रमले तोकिएको सिकाइ उपलब्धि र सक्षमता हासिल गर्नका लागि अध्यापन गर्ने शिक्षकहरूलाई प्रशिक्षित गरी क्रमशः सक्रिय अङ्ग्रेजी माध्यममा पठनपाठनलाई व्यवस्थित गर्न नियमित सुपरिवेक्षण, अवलोकन, निरीक्षण, अनुगमन, मूल्याङ्कन, नियमन गर्ने संस्थागत संयन्त्रको क्षमता विकास गरिनेछ।

४. शैक्षिक क्षति न्यूनीकरणका लागि विद्यार्थीको आन्तरिक सक्षमता बढाउने, तहगत र कक्षागत उत्तीर्ण दर बढाउने, कक्षा दोहोऱ्याउने दर घटाउने, बीचैमा पढाइ छोड्ने दर घटाउने, टिफिन समय पश्चातको अनुपस्थिति दर घटाउने रणनीति अवलम्बन गर्न पठनपाठनलाई बालमैत्री बनाई भयरहित सक्रिय सिकाइ क्रियाकलापहरू सञ्चालन र व्यवस्थापन गरिनेछ।

५. विद्यालय दिवा खाजा कार्यक्रम बालबिकास कक्षा, आधारभूत शिक्षाको कक्षा १-७ मा नगरपालिकाको लागत साझेदारीमा क्रमशः विस्तार गरी कार्यान्वयन गरिनेछ।

६. तहगत र विद्यार्थी शिक्षक अनुपातमा अपुग आवश्यक जनशक्तिको व्यवस्थापनको लागि शिक्षण सिकाइ उत्प्रेरक (TLM) को व्यवस्थापन गरिनेछ।

७. विद्यालयको अधुरो भौतिक संरचना निर्माण सम्पन्न गरिनेछ।

आ. युवा तथा खेलकुद सम्बन्धी नीति

१. आधारभूत तथा माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई शारीरिक शिक्षा अन्तर्गत विभिन्न विधाका खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ। खेलकुदलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास विस्तार गरिनेछ। प्रत्येक विद्यालयमा अध्ययनरत छात्र- छात्राहरूको लागि तहगत विद्यार्थी बाल क्लबहरूको गठन र सञ्चालन गर्न सामुदायिक विद्यालयलाई जिम्मेवार र उत्तरदायी बनाइनेछ।

२. नगर खेलकुद विकास समिति मार्फत् युवाहरूलाई खेलकुदमा आकर्षित गर्ने गतिविधि सञ्चालन गरिनेछ र युवाहरूलाई जागरूक तथा प्रोत्साहित हुने किसिमका कार्यक्रमहरू तय गरिनेछ। आवश्यक प्रशिक्षकहरूको व्यवस्था गरी नियमित खेल प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

CamScanner

३. युवाहरूमा खेलकुद प्रति आकर्षण बढाउन र व्यावसायिक खेलाडी उत्पादन गर्न निरन्तर रूपमा नगरस्तरीय फुटबल प्रतियोगिता आयोजना गरिनेछ।
४. नगर स्तरीय हाजिरी जवाफ, निबन्ध प्रतियोगिता, कविता गोष्ठी जस्ता रचनात्मक क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
५. खेलकुद क्षेत्रको विकासका लागि फुटबल, भलिबल, ब्याटमिन्टन, क्रिकेट जस्ता खेल प्रतियोगिताको आयोजना गरिनेछ।
६. नगरभित्र खुल्ला व्यायामशाला निर्माणका लागि आवश्यक पहल, व्यवस्था गरिनेछ।
७. सप्तकोशी नगरपालिका वडा नं. १ मा रहेको सहिद स्मृति रंगशालालाई स्तरोन्नति गर्न आवश्यक पहल, व्यवस्था गरिनेछ।
८. खेलकुदको क्षेत्रमा महिलाको उल्लेखनीय सहभागिताका लागि उत्प्रेरित गरिनेछ।
९. नगरभित्र दर्ता र सञ्चालनमा रहेका खेलकुद क्लबहरूलाई खेलकुद सामग्री उपलब्ध गराइनेछ। नगरभित्रका खेलाडीहरूका लागि सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ।
१०. वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।
११. जिल्ला, प्रदेश तथा राष्ट्रिय, अन्तरराष्ट्रिय स्तरमा पदक हासिल गर्ने खेलाडी, क्लबहरूलाई प्रोत्साहन गरिनेछ।
१२. नगर भित्रका खेलाडीहरूलाई खेल अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

इ. स्वास्थ्य सम्बन्धी नीति

१. ८० वर्ष माथिका जेष्ठ नागरिक तथा शारीरिक रूपमा पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई घरमा गई निः शुल्क स्वास्थ्य जाँच गरी नेपाल सरकारले उपलब्ध गराउने निः शुल्क औषधी समेत सोही समय उपलब्ध गराइनेछ।
२. गर्भवती महिलालाई स्वास्थ्य केन्द्रमा नै प्रसूति हुन प्रोत्साहन गर्ने, प्रसूतिका लागि अस्पतालसम्म जान निःशुल्क रूपमा एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।
३. स्वास्थ्य बीमा कार्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ।
४. स्वास्थ्य सेवा शिविर सञ्चालन, प्रजनन स्वास्थ्य, पोषण सेवासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
५. वडामा रहेका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सहरी स्वास्थ्य सेवा केन्द्रका लागि आवश्यक स्वास्थ्य उपकरण तथा जनशक्ति व्यवस्थापन गरिनेछ।
६. नगर अस्पताललाई विशेषज्ञ सेवा, फार्मेसी तथा प्रयोगशालासहितको थप सुदृढ सेवा उपलब्ध गराउन आवश्यक भौतिक पूर्वाधार निर्माण गरिने, औजार उपकरणहरू खरिद गरी जडान गरिने र सोही अनुसारको दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ।

CamScanner

७. आधारभूत तथा सहरी स्वास्थ्य सेवा केन्द्रहरूलाई स्तर उन्नति र थप व्यवस्थित गरी सञ्चालन गरिनेछ। साथै नेपाल सरकारबाट प्राप्त हुने निःशुल्क औषधीहरू आधारभूत तथा सहरी स्वास्थ्य सेवा केन्द्र मार्फत् वितरणको व्यवस्था मिलाइनेछ।

८. सप्तकोशी नगरपालिका वडा नं. ५ स्थित १५ शैय्याको अस्पताललाई सञ्चालनमा ल्याई स्वास्थ्य सेवा प्रवाहको थालनी गरिनेछ।

ई. खानेपानी तथा सरसफाइसम्बन्धी नीति

१. विद्यालय सहित सबै सार्वजनिक संस्थाहरूमा खानेपानीको सर्वसुलभ उपलब्धता सुनिश्चित गरिनेछ।

२. सप्तकोशी सहरी खानेपानी आयोजनालाई सम्पन्न गर्नका लागि नगरको तर्फबाट आवश्यक सहयोग तथा समन्वय गरिनेछ।

३. विभिन्न संघ/संस्थासँगको साझेदारीमा विद्यालय स्तरीय खानेपानी सरसफाई र स्वच्छता योजना तथा खानेपानी सरसफाई र स्वच्छतामा तीन तारा (Three Star) विद्यालय घोषणा सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

४. खानेपानी सरसफाई र स्वच्छता निर्माण योजना निर्माण र कार्यान्वयन गरिनेछ।

५. लेदो दिसा व्यवस्थापनका लागि साझेदारीमा FSTP Plant को निर्माण गरिनेछ।

६. नगरको मुख्य चोकहरूमा सार्वजनिक शौचालयको निर्माण गरिनेछ।

उ. कला, भाषा, संस्कृति र सामाजिक समावेशीकरण सम्बन्धी नीति

१. नीति निर्माण तथा निर्णय प्रक्रियामा सबै पक्षको पहुँच तथा संलग्नताको सुनिश्चितता रहने व्यवस्था मिलाइनेछ।

२. बालश्रमलाई निषेध गरी बालश्रम मुक्त नगर निर्माण गरिनेछ।

३. महिलाहरूलाई व्यावसायिक सीपमूलक तालिम प्रदान गरी समूहमा व्यवसाय स्थापना गर्न आवश्यक औजार उपकरण तथा साझेदारी कार्यक्रम मार्फत् पूँजी उपलब्ध गराइनेछ।

४. महिला तथा अपाङ्गता भएका व्यक्तिहरूले व्यवसाय स्थापना गर्दा नगरपालिकाद्वारा लगाइने व्यवसाय दर्ता शुल्कमा पचास प्रतिशत छुट प्रदान गरिनेछ।

५. दलित, जनजाति, आदिवासीहरूलाई मौलिकता झल्कने पेसा व्यवसाय तथा उद्योग स्थापना गर्दा लाग्ने व्यवसाय दर्ता निःशुल्क गरिनेछ।

६. लैङ्गिक हिंसा पीडित महिलाहरूको लागि आयआर्जन उन्मुख सिप विकास, क्षमता विकास तथा उद्यमशीलता विकास कार्यक्रमको माध्यमबाट आत्मनिर्भर बनाउन प्रोत्साहन गरिनेछ।

ख. आर्थिक विकाससम्बन्धी नीति

अ. कृषि, पशु विकास र सिँचाइ

१. नगरको कृषि प्रवर्द्धनको लागि कृषि बजार केन्द्रहरूको प्रभावकारिता वृद्धि गरिनेछ।

२. कृषकद्धारा पालन गरिएको पशुपंक्षीहरूको प्रभावकारी उपचार गरी कृषकलाई पशुपालनमा प्रोत्साहन गर्न नगरले टेवा पुर्‍याउनेछ।

३. पशुपन्छीको नश्ल सुधार, खोर व्यवस्थापन र पशु स्वास्थ्य सेवा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

४. कृषि क्षेत्रमा दिइने अनुदान कृषकले गरेको उत्पादनमा आधारित गराइनेछ।

५. कृषिको उत्पादन बढाउन उन्नत बीउ बिजन छनौट गरी वितरण गर्ने, आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादनमा लाग्ने लागत घटाइनेछ र उत्पादन वढाइनेछ। मलको सहज उपलब्धता तथा वितरण प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

६. पशु स्वास्थ्य बीमाको लागि उत्प्रेरित गरिनेछ।

७. वन्यजन्तुका कारण हुन सक्ने बालीनाली क्षतिको मूल्याङ्कन गरी राहत उपलब्ध गराइनेछ।

८. बालीमा विषादी, जीवनमा बरबादी' भन्ने नारालाई अङ्गीकार गरी कृषि बालीमा प्राङ्गारिक मल तथा जैविक विषादी प्रयोगलाई प्रोत्साहन गरिनेछ।

९. दूध, अण्डा, मासुको उत्पादन तथा आपूर्ति बढाउन उन्नत नश्ल विकासमा जोड दिइनेछ।

१०. पशुजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न सन्तुलित पशु आहारा सेवा कार्यक्रमद्वारा कृषकलाई प्रोत्साहित गरिनेछ।

११. गाई, भैंसी र बाख्रामा नश्ल सुधार गरी दूध र मासुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गराउन व्यापक रूपमा कृत्रिम गर्भाधान सेवा सञ्चालन गरिनेछ।

१२. कृषि उपज खरिद विक्री केन्द्र स्थापनाका लागि पहल गरिनेछ।

१३. कृषि विद्युतीकरणका लागि आवश्यक योजनाहरू सञ्चालन गरिनेछ।

आ. पर्यटनसम्बन्धी नीति

१. ऐतिहासिक चन्द्र नहरको दुई तर्फ निर्माण हुने बाटोलाई पर्यटकीय करिडोरका रूपमा निर्माणका लागि पहल गरिनेछ। उक्त क्षेत्रमा साइक्लिङ टुरिजम क्षेत्रको रूपमा विकास गर्न यस नगर क्षेत्रमा रहेका पर्यटकीय तथा साइक्लिङ्गसँग सम्बद्ध संघ संस्थासँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

२. यस नगरभित्र रहेका हेडबाँध, कमलदह, तुलसी चौक, जुटपानी, बोचही, साकेलाथान, स्थानीय पोखरी, मेगजिन चौरिया, बाबाजी अखडा, ऐतिहासिक मयुरनी खाता लगायतका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको विकास, संरक्षण तथा संवर्धन गरिनेछ।

३. निकायगत समन्वय गरी पर्यावरणीय पार्क तथा उद्यान निर्माण गर्न पहल गरिनेछ।

४. सामुदायिक वनहरूसँगको साझेदारीमा पर्यापर्यटन (Eco Tourism) प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

इ. उद्योग, सहकारी तथा रोजगार सम्बन्धी नीति

१. वैदेशिक रोजगारीबाट फर्किएका युवाहरू तथा लघु उद्यम सञ्चालन गर्न चाहने आर्थिक रूपले विपन्न महिला तथा सीमान्तकृत नागरिकहरूलाई लघु उद्यम गर्न प्रोत्साहन गरिनेछ।

२. लघु उद्यम विकास कार्यक्रमअन्तर्गत नगरभित्र रहेका दक्ष तथा अर्धदक्ष जनशक्तिहरूको सीप परीक्षण गर्न, सीप वृद्धि गर्न आवश्यक दक्ष प्राविधिक तालिमहरूको सञ्चालन गरी तालिम पश्चात् स्वरोजगार बन्न चाहनेहरूलाई समूहमा प्रविधि तथा औजार हस्तान्तरण गरिनेछ।

३. रोजगार प्रदायक उद्योगहरूको स्थापनाको लागि प्रोत्साहन गरिनेछ।

४. उद्योग र उत्पादनसँग सम्बन्धित तालिम सञ्चालन गर्दा मागमा आधारित र लेभल-२ का तालिम दिई व्यावसायिक र दक्ष बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।

५. कृषि सहकारीको विकासमा आवश्यक सहयोग गरिनेछ। जसका लागि घरेलु उत्पादनलाई सहकारी मार्फत् उत्पादन तथा बजारीकरण गरिनेछ।

६. कृषिका क्षेत्रमा दिइने अनुदान सामूहिक तथा सहकारी खेती प्रणालीलाई प्राथमिकतामा राखिनेछ।

७. नगरबासीहरूलाई बचत गर्ने बानीको विकास गरिने तथा बचत गरिएको रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिनेछ।

८. नगर क्षेत्रभित्र रहेका सहकारी संस्थालाई नियमित र व्यवस्थित ढङ्गबाट सञ्चालन गर्न आवश्यक संयन्त्र तयार गरी दक्ष जनशक्तिबाट नियमन गरिनेछ।

९. सहकारी संस्थाहरूको सबलीकरणका लागि COOPOMIS प्रशिक्षण सञ्चालन गरिनेछ।

१०. लघुउद्यमीहरूद्वारा उत्पादित सामग्रीहरूको प्रवर्द्धन र बजारीकरणका लागि नगरसँगको साझेदारीमा सञ्चालित कोशेली घरको प्रभावकारी सञ्चालनमा जोड दिइनेछ।

११. पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१२. वैदेशिक रोजगार बोर्डको सचिवालय मार्फत् उपलब्ध हुने कल्याणकारी सेवाहरू सञ्चालन गरिनेछ।

ग. पूर्वाधार विकाससम्बन्धी नीति

अ. भौतिक पूर्वाधार (आवास, भवन, सडक तथा पुल, यातायात)

१. नगर क्षेत्रभित्र रहेका विपन्न तथा अल्पसङ्ख्यक सीमान्तकृत वर्गका परिवारहरूको लागि सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

२. सडक वोर्ड नेपालसँगको साझेदारीमा नगर भित्रका सडकहरूको मर्मत संभारको कार्य सञ्चालन गरिनेछ।

३. नगरभित्र रहेका त्रियुगा, गंगाजली, टेङ्ग्रा, जुटपानी, अमाहा सत्रापत्रा, तुरतुरे, मलेठ, मयुरनी खाता, चिन्तामणी, पुरानो गंगाजली, ढुङ्गे खोला लगायतका खोलाहरूमा क्रमशः तटवन्धन गरी वाढीवाट हुने जनधनको क्षति न्यूनीकरण गरिनेछ।

४. त्रियुगा मोक्ष धाम निर्माणको कार्य प्रारम्भ गरिनेछ।

५. नगरभित्र गरिने विभिन्न आयोजनाका सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रस्ताव तयार गरिनेछ।

६. नगर क्षेत्रभित्र सञ्चालन हुने आयोजनाको गुणस्तर मापन तथा एकरूपता कायम गर्न आवश्यक कार्य गरिनेछ।

७. विद्युतको पहुँच सबै समुदायमा पुऱ्याइनेछ तथा राजमार्ग क्षेत्र तथा भित्री बाटाहरूमा सडक वत्ती जडान गरिनेछ।

८. व्यवस्थित सहरीकरणका लागि भौतिक संरचना निर्माण गर्दा आवश्यक पर्ने पार्किङ स्थलको निर्माणलाई अनिवार्य बनाउने नीति अवलम्बन गरिनेछ।

९. भौतिक पूर्वाधार विकास निर्माण गर्दा सार्वजनिक, तथा निजी क्षेत्रको समेत साझेदारी रहने नीति अवलम्बन गरिनेछ।

१०. टोल विकास संस्थामार्फत लागत साझेदारीमा आधारित हुने गरी योजना कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ।

११. नगरभित्र निर्माण हुने भौतिक संरचनाहरू अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिकमैत्री, जेष्ठनागरिकमैत्री र वातावरणमैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

१२. नगरको सौन्दर्यलाई कायम गर्न अव्यवस्थित रूपमा रहेका पोल र सो मा जडान गरिएका तारहरूलाई व्यवस्थित बनाउँदै लैजाने नीति अवलम्बन गरिनेछ।

१३. नगरपालिकाको मुख्य प्रशासनिक भवन निर्माणको कार्यलाई पूर्णता प्रदान गरिनेछ।

१४. वडा गौरव आयोजना पूर्वाधार विकास तर्फ एक वडा एक गौरवको योजना सञ्चालन गरिनेछ।

आ. सञ्चार, विद्युत् तथा ऊर्जा

१. सञ्चार क्षेत्रलाई आधुनिक प्रविधिको प्रयोगमा प्रोत्साहन गरिनेछ।

२. स्थानीय सञ्चारमाध्यमहरूको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति अवलम्वन गरिनेछ।

३. सप्तकोशी नगरपालिकामा रहेका अति विपन्न वर्गलाई निःशुल्क विद्युत् मिटर वितरण गर्न सम्वन्धित संस्थासँग समन्वय गरिनेछ।

४. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको साझेदारीमा विद्युतीय चुलो, वायोग्यास र सुधारिएको चुलो जडान र वितरण कार्य प्रारम्भ गरिनेछ।

५. वातावरण मैत्री विद्युतीय गाडी तथा सिटी सफारीका लागि नगर भित्र चार्जिङ स्टेशनको निर्माण गर्न पहल गरिनेछ साथै इच्छुक निजी क्षेत्रलाई सो का लागि प्रोत्साहन र सहजीकरण गरिनेछ।

६. नगर भित्रका उपयुक्त स्थानहरूमा भ्यापर लाईट जडान कार्य सञ्चालन गरिनेछ।

घ. वातावरण तथा विपद् व्यवस्थापन

अ. वन, वातावरण, भू संरक्षण, जलवायु परिवर्तन अनुकूलन सम्बन्धी नीति

१. सामुदायिक वन र नगरपालिका बीचको सहकार्य समन्वयलाई अगाडि बढाउने तथा नगरपालिकाले प्राप्त गर्ने कानुन बमोजिमको रोयल्टी उठाउन आवश्यक कार्यको थालनी गरिनेछ।

२. भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको लागि गठन भएको भूमि आयोगसँग समन्वय गरी यथाशीघ्र जग्गा धनीपुर्जा वितरणका लागि आवश्यक पहल गरिनेछ।

३. नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, प्रशोधन ओसारपसार र विक्री वितरणलाई कानुन अनुसार नियमन गरी व्यवस्थित र प्रभावकारी बनाइनेछ।

४. जलवायु परिवर्तन अनुकूलनका लागि आवश्यक जनचेतना, क्षमता अभिवृद्धि, सूचना तथा जानकारीको आदान प्रदान गरी जलवायु परिवर्तनका असरलाई रोकथाम गर्ने नीति अवलम्बन गरिनेछ।

आ. विपद् व्यवस्थापन सम्बन्धी नीति

१. जोखिम स्थान पहिचान गरी नगरपालिकाले विपद् सम्बन्धी सूचना सम्प्रेषण गर्ने संयन्त्र विकास गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ।

२. विपद् प्रतिकार्य योजना कार्यान्वयनमा ल्याइनेछ। विपदको समयमा आपत्कालीन उद्धार पुनः निर्माण तथा पुन स्थापनाको लागि आवश्यक तयारी गरिनेछ।

३. भविष्यमा आउन सक्ने विपद्सँग सामना गर्न वर्षमा कम्तीमा २ पटक पूर्व अभ्यास गरिनेछ। त्यस्तै विपद्को समयमा सामाना गर्न विभिन्न संयन्त्र जस्तै नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, नेपाल स्काउट जस्ता विभिन्न सामाजिक संघसंस्थाहरूसँग आवश्यक समन्वय गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ।

ङ. सुशासन तथा संस्थागत विकाससम्बन्धी नीति

१. वडा स्तरमा योजना छनौट र कार्यान्वयन गर्दा टोल विकास संस्था लगायत सरोकारवालाहरूको सहभागिता वढाइनेछ।

२. सार्वजनिक सेवा प्रवाहलाई थप सुदृढ र सेवाग्राही मैत्री वनाउन सही व्यक्ति सही स्थान र सही समयलाई पूर्ण रूपमा कार्यान्वयन गरिनेछ।

३. नगरपालिकाको कार्यसम्पादन मूल्याङ्कनको स्तर मापन गर्ने, जोखिम मूल्याङ्कन विश्लेषण गर्ने प्रणाली अन्तर्गतका सूचक अनुरूपको कार्यहरू सम्पादन गरिनेछ।

४. राजस्व क्षेत्र सुधारको कार्यक्रम सञ्चालन गरी राजश्व अभिवृद्धि गरिनेछ।

५. नगरपालिकाका भित्रका सम्पूर्ण व्यवसायीहरूलाई करको दायरामा आवद्ध गराउनको लागि घुम्ती शिविर सञ्चालन गरिनेछ।

६. घर नक्सापास कार्यलाई सरलीकरण गरी नगरवासीहरूलाई नक्सापास गराई घर निर्माण गर्न उत्प्रेरित गरिनेछ।

७. नगरपालिका तथा मातहतका कार्यालयहरूमा हुने अनावश्यक खर्च कटौती गरिनेछ।

८. संस्थागत विद्यालयहरूलाई व्यावसायिक करको दायरामा ल्याइनेछ।

९. नगरपालिकाको समग्र विकास निर्माण र सामाजिक विकासमा साझेदारी गर्न चाहने संघ संस्था, गैर सरकारी संस्था, सहकारी संस्था लगायतसँग आवश्यक सम्बन्ध, समन्वय र सहकार्य गर्ने नीति लिइनेछ र त्यस्ता कार्यका लागि सम्बन्धित पक्षहरूलाई यसै सम्बोधनद्वारा आह्वान समेत गर्दै पत्राचार र सूचना गर्ने नीति अवलम्बन गरिनेछ।

१०. वढ्दो जनसङ्ख्या तथा सहरीकरणलाई मध्यनजर गर्दै साथै जनभावना र जनबोलीको समेत सम्वोधन गर्ने हेतुले प्रहरी चौकी फत्तेपुरलाई इलाका प्रहरी कार्यालयको रूपमा व्यवस्थापन गर्न पहल गरिनेछ।

अन्त्यमा, यस क्षेत्रवाट सङ्घ र प्रदेश सरकारमा प्रतिनिधित्व गर्नुहुने माननीय मन्त्रीज्यू, माननीय सांसदज्यूहरू, लगायत सम्पूर्ण राजनितिक दलहरू, समाजसेवीहरू, बुद्धिजिवीहरू, पूर्व जनप्रतिनिधिज्यूहरू, विभिन्न गैर सरकारी संघ-संस्थाहरू, अन्तरराष्ट्रिय गैर सरकारी संघ-संस्थाहरू, दातृ निकायहरू, सम्पूर्ण कर्मचारीहरू, सुरक्षा निकायहरू, सम्पूर्ण संचार जगत तथा पत्रकारहरू एवं सम्पूर्ण नगरवासीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी आर्थिक वर्ष २०८२।८३ को लागि प्रस्तुत

पन्ध्रौ नगर सभा अधिवेशन बैठक : १।२०८२
बैठक मिति: २०८२।३।१०, मंगलवार, समय:विहान ११:०० बजे
स्थानः सप्तकोशी नगर कार्यपालिका कार्यालयको सभाहल,तुलसीचोक,सप्तरी ।

नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरूबाट सदाझैं सकारात्मक सहयोग, सहकार्य एवं शुभेच्छा प्राप्त हुने अपेक्षा राख्दै सम्पूर्ण नगरवासीहरूमा हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद ।

<u>निर्णय नं. २</u>

सप्तकोशी नगरपालिकाको आ.व. २०८२।०८३ को लागि पन्ध्रौ नगर सभा अधिवेशनको पहिलो बैठकको कार्यसूचीमा पेश भएका बाँकी विषयहरू माथिको छलफल नटुङ्गीएकोले नगर सभाको दोस्रो बैठकमा छलफल गरी टुङ्गोमा पुग्ने निर्णय गरियो।